कार्यपालिकाबाट स्वीकृत मिति:- २०८३/०४/२८

# बर्दिबास नगरपालिकामा दोहोरी साँझ, डान्सबार र मसाज(SPA)सेन्टर लगाएतका व्यवसाय दर्ता तथा नियमन कार्यविधि, २०८३

प्रस्तावना:

बर्दिबास नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने दोहोरी साँझ, डान्सबार, क्लब , मसाज (Spa) सेन्टर लगाएतका व्यवसायलाई कानुनी दायरामा ल्याई व्यवस्थित, मर्यादित, सुरक्षित, पारदर्शी, शान्ति सुरक्षा, जनस्वास्थ्य कायम राख र स्थानीय स्तरमा स्वरोजगारी सिर्जना गर्दै नगरपालिकाको राजस्व संकलनलाई व्यवस्थित गर्न अपरिहार्य भएकाले।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) र दफा १०२ र बर्दिवास नगरपालिकाबाट कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी बर्दिबास नगर कार्यपालिकाले यो कार्यविधि वनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम "बर्दिबास नगरपालिका दोहोरी साँझ, डान्सबार, मसाज तथा स्पा व्यवसाय (दर्ता तथा नियमन) कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा:**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "नगरपालिका" भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले बर्दिवास नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले यस कार्यविधिको दफा १२ बमोजिम गठित "व्यवसाय नियमन तथा अनुगमन समिति" सम्झनु पर्छ।

(घ) "व्यवसाय" भन्नाले व्यापारिक वा व्यावसायिक रूपमा सञ्चालन गरिने दोहोरी साँझ, डान्सबार, क्लव, मसाज (Spa) सेन्टर लगाएतका व्यवसाय सम्झनु पर्छ।

(ङ) "श्रमिक" भन्नाले ती व्यवसायमा कार्यरत कलाकार, संगीतकार, वाद्यवादक, थेरापिस्ट, प्राविधिक, सुरक्षागार्ड र अन्य कर्मचारी सम्झनु पर्छ।

(च) "सञ्चालक" भन्नाले व्यवसाय दर्ता गरी सञ्चालन गर्ने मुख्य व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

रामलाणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद-२
व्यवसाय दर्ता, नवीकरण र अनुमति

३. व्यवसाय दर्ता अनिवार्य:

(१) यस कार्यविधि बमोजिम नगरपालिकाको उद्योग/व्यवसाय शाखामा दर्ता नगरी कसैले पनि बर्दिबास नगरपालिका क्षेत्रभित्र यो व्यवसाय सञ्चालन गर्न पाउने छैन।

(२) यो कार्यविधि लागू हुनु अघि दर्ता बिना वा अन्य निकायमा मात्र दर्ता भई सञ्चालनमा रहेका व्यवसायले यो कार्यविधि लागू भएको मितिले ३५ (पैंतीस) दिनभित्र नगरपालिकामा रीतपूर्वक दर्ता गराउनु पर्नेछ।

४. दर्ताका लागि आवश्यक कागजातहरू:

(१) व्यवसाय दर्ताको आवेदन साथ निम्न कागजातहरू पेस गर्नु पर्नेछ:

(क)स्वीकृत ढाँचाको अनुसूची अनुसारको आवेदन फाराम।

(ख)उधोग वाणिज्य संघमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।

(ग) व्यवसाय सञ्चालन गर्ने स्थानको वडा कार्यालयको "चौहद्दी सिफारिस" र सर्जमिन मुचुल्का।

(घ) घर वा जग्गा वहालमा लिने भए पर्याप्त पार्किङ्ग सहित कम्तीमा ३ वर्षको "घरवहाल सम्झौता पत्र" र घरधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ङ) घरेलु तथा साना उद्योग कार्यालय वा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएमा प्रमाणपत्रको प्रतिलिपि।

(च) प्रोपाइटर/सञ्चालकको नागरिकता प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो।

(छ) आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्बर (PAN/VAT) भएकोमा प्रमाणपत्रको प्रतिलिपि।

(ज) व्यवसायी र कर्मचारी विच भएको सम्झौताको प्रतिलिपि।

५. व्यवसाय नवीकरण:

(१) दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र तोकिएको नवीकरण शुल्क बुझाई अनिवार्य रूपमा नवीकरण गराउनु पर्नेछ।

(२) म्यादभित्र नवीकरण नगराएमा नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना र विलम्ब शुल्क असुल गरिनेछ।

(३) कार्यरत श्रमिक तथा कर्मचारीको सम्झौता र नागरिकताको प्रतिलिपि एक प्रति इलाका प्रहरी कार्यालयमा बुझाएको प्रमाण सहित एक प्रति नगरपालिकामा बुझाए पश्चात नविकरण गरिनेछ।

रामभणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद-३

स्थान, भौतिक पूर्वाधार र वातावरणीय मापदण्ड

६. दुरी सम्बन्धी मापदण्ड:

(१) शान्ति, स्वास्थ्य, सुरक्षा र सामाजिक मर्यादा कायम राख्नका लागि यस्ता व्यवसायहरू निम्न स्थानहरूबाट कम्तीमा ३०० (तीन सय) मिटरको अर्धव्यास (Radius) बाहिर मात्र स्थापना र सञ्चालन गर्न पाइनेछ:

(क) सरकारी तथा संस्थागत शिक्षण संस्था (विद्यालय, कलेज, मदरसा)।

(ख) धार्मिक तथा सांस्कृतिक स्थल (मन्दिर, मस्जिद, गुम्बा, चर्च, घाट)।

(ग) अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र पुनस्थापना केन्द्र।

(घ) सरकारी कार्यालय र सुरक्षा निकायका ब्यारेकहरू।

७. ध्वनि नियन्त्रण (Soundproofing):

(१) दोहोरी साँझ, डान्सबार र क्लव सञ्चालन हुने मुख्य हल पूर्ण रूपमा साउन्ड प्रुफ (Soundproof) प्रविधियुक्त हुनुपर्नेछ।

(२) व्यवसाय सञ्चालन गर्दा हलको आवाज बाहिर सार्वजनिक सडक, पैदल मार्ग वा छिमेकीको घरसम्म जान पाउने छैन। राति ध्वनि प्रदूषण गरेको प्रमाणित भएमा तत्काल कानुनी कारबाही गरिनेछ।

८. भौतिक तथा प्राविधिक पूर्वाधार:

(१) सिसिटिभी (CCTV) अनिवार्य: व्यवसायको मूल प्रवेशद्वार, स्वागत कक्ष (Reception), काउन्टर, पार्किङ र मुख्य हलमा स्पष्ट देखिने गरी उच्च गुणस्तरको सिसिटिभी(CCTV) क्यामेरा जडान गरी कम्तीमा ३० दिनको भिडियो रेकर्ड सुरक्षित राख्नुपर्नेछ।

तर, मसाज कोठा, चेन्जिङ रुम वा क्याविन भित्र सिसिटिभी(CCTV) राख्न पूर्ण रूपमा प्रतिबन्ध रहनेछ)।

(२) पारदर्शी क्याविन (मसाज र स्पाका लागि): मसाज र स्पाका सेवा प्रदान गरिने कोठाहरू पूर्ण रूपमा बन्द वा भित्रबाट कुन्डी/लक लगाउने हुनु हुँदैन। कोठा वा क्याबिनको ढोकामा भुइँदेखि ५ फिट उचाइमा कम्तीमा १ फिट x १ फिट साइजको "पारदर्शी सिसाको झ्याल" अनिवार्य राख्नुपर्नेछ।

(३) पर्याप्त प्रकाश: मसाज र स्पा कोठाहरूमा धमिलो वा रंगीन बत्ती राख्न पाइने छैन। सेवा प्रवाह गर्दा स्पष्ट देखिने पर्याप्त र उज्यालो सेतो वा न्यानो प्रकाश (Light) हुनुपर्नेछ।

(४) अग्नि नियन्त्रण र सुरक्षा: प्रत्येक व्यवसायमा आकस्मिक निकास (Emergency Exit) को स्पष्ट मार्ग र चालू अवस्थाको फायर एक्स्टिंग्विसर (Fire Extinguisher) अनिवार्य रूपमा देखिने ठाउँमा राख्नुपर्नेछ।

रामनणि अधिकारी
प्रमुख प्रशासकीय

## परिच्छेद-४

## श्रम, आचरण र सामाजिक सुरक्षा

**९. उमेरको बन्देज र बालश्रम निषेध:**

(१) १८ (अठार) वर्षभन्दा कम उमेरका बालबालिकालाई श्रमिक, कलाकार, प्राविधिक वा कुनै पनि रूपमा रोजगारमा राख्न पूर्ण रूपमा निषेध गरिएको छ।

(२) १८ वर्ष मुनिका ग्राहकलाई यस्ता व्यवसाय (विशेष गरी दोहोरी र डान्सबार) मा प्रवेश गराउन र मदिराजन्य वा सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न पाइने छैन।

**१०. श्रमिकको हकहित र योग्यता:**

(१) स्पा र मसाजमा कार्यरत मुख्य थेरापिस्टहरू मान्यता प्राप्त संस्थाबाट कम्तीमा ३ महिनाको व्यावसायिक तालिम प्राप्त र प्रमाणित भएको हुनुपर्नेछ।

(२) सञ्चालकले श्रमिकहरूलाई नेपाल सरकारको श्रम ऐनले तोकेको न्यूनतम पारिश्रमिक र सेवा सुविधा अनिवार्य रूपमा बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ।

(३) कार्यरत महिला श्रमिक वा कलाकारहरूलाई रात्रिकालीन सेवा सकिएपछि सञ्चालक आफैंले सुरक्षित रूपमा उनीहरूको घर वा गन्तव्यसम्म पुऱ्याउने व्यवस्था (Drop Service) गर्नु पर्नेछ।

(४) कार्यस्थलमा श्रमिकमाथि हुने कुनै पनि प्रकारको लैंगिक वा यौनजन्य हिंसा, दुर्व्यवहार र श्रम शोषणलाई पूर्ण रूपमा निषेध गरिएको छ।

(५)कर्मचारी तथा श्रमिकलाई उचित किसिमको (अपारदर्शी) कपडा र आई डि कार्ड सहित काममा लगाउनु पर्नेछ।

**११. व्यवसाय सञ्चालनको समय सीमा:**

(१) दोहोरी साँझ र डान्सबारहरू राति १२:०० बजेभित्र अनिवार्य रूपमा बन्द गरिसक्नु पर्नेछ।

(२) मसाज सेन्टर र स्पाहरू साझ ०८:०० बजेभित्र अनिवार्य रूपमा बन्द गरिसक्नु पर्नेछ।

(३) विशेष चाडपर्व वा उत्सवको हकमा नगरपालिका र स्थानीय प्रशासनको पूर्व लिखित स्वीकृति लिई तोकिएको समयसम्म मात्र समय थप गर्न सकिनेछ।

## परिच्छेद-५

## अनुगमन, नियमन र कानुनी कारबाही

**१२. व्यवसाय नियमन तथा अनुगमन समिति:**

(१) यस कार्यविधिको प्रभावकारी कार्यान्वयन, नियमन र नियमित अनुगमनका लागि बर्दिबास नगरपालिकामा निम्न बमोजिमको एक समिति रहनेछ:

(क) नगर उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष (१ जना) - सदस्य

(घ) इलाका प्रहरी कार्यालय, बर्दिबासका प्रतिनिधि(अधिकृत स्तर) - सदस्य



रा?मणि अधिका
प्रमुख प्रशासकीय अ

(ङ) इलाका प्रशासन कार्यालय, बर्दिबासका प्रतिनिधि (अधिकृत स्तर) - सदस्य

(च) उद्योग वाणिज्य संघ, बर्दिबासका प्रतिनिधि - सदस्य

(छ) नगर प्रहरी प्रमुख , बर्दिबास नगरपालिका -सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी - सदस्य सचिव

१३. अनुगमन समितिको अधिकार र कर्तव्यः

(१) समितिले जुनसुकै समयमा पनि बर्दिबास क्षेत्रभित्रका यस्ता व्यवसायहरूको आकस्मिक निरीक्षण, अनुगमन गर्न सक्नेछ।

(२) अनुगमनका क्रममा कार्यविधि विपरीत कार्य भएको, कर छली गरेको वा अमर्यादित क्रियाकलाप भएको पाइएमा समितिले आवश्यक प्रमाण संकलन गरी कारवाहीका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

१४. कसुर र जरिवानाः

(१) यस कार्यविधिमा लेखिएका सर्त तथा मापदण्डहरूको उल्लंघन गरेमा नगरपालिका तथा प्रशासनले निम्न बमोजिम कानुनी कारबाही र जरिवाना गर्नेछः

(क) पहिलो पटक उल्लंघन गरेमाः लिखित रूपमा सचेत गराउने र रु १०,०००/- (अक्षेरुपि दश हजार रुपैयाँ) सम्म जरिवाना गर्ने।

(ख) दोस्रो पटक उल्लंघन गरेमाः रू. २५,०००/- (अक्षेरुपि पच्चिस हजार रुपैयाँ) सम्म जरिवाना गर्ने।

(ग) तेस्रो पटक उल्लंघन गरेमाः रू. ५०,०००/- (अक्षेरुपि पचास हजार रुपैयाँ) सम्म जरिवाना गर्ने र १५ दिनका लागि व्यवसायको कारोबार निलम्बन (बन्द) गर्ने।

(घ) चौंथो पटक वा सोभन्दा बढी उल्लंघन गरेमाः व्यवसाय दर्ता प्रमाणपत्र खारेज गरी स्थायी रूपमा व्यवसाय वन्द गर्ने र प्रचलित कानुन बमोजिम मुद्दा चलाउन सम्बन्धित सुरक्षा निकायमा लेखी पठाउने।

## परिच्छेद-६
## विविध

१५. प्रतिबन्धित कार्यहरूः

(१) यस कार्यविधि अन्तर्गत सञ्चालित व्यवसायहरूमा निम्न कार्य गर्न पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छः

(क) आन्तरिक राजस्व कार्यालयबाट मदिरा इजाजतपत्र नलिई मदिरा बिक्री वितरण गर्न।

(ख) व्यवसायको आवरणमा वा होटलका कोठाहरूमा यौनजन्य क्रियाकलाप (वेश्यावृत्ति), जुवातास वा लागुऔषधको कारोबार गराउन।

(ग) ग्राहकसँग अमर्यादित, अभद्र व्यवहार गर्न, वा सेवा शुल्कमा ठगी गर्न।

(घ) मुल्य सुचि विना सेवा र सामाग्री विक्री गर्न।

(ङ) अनुमति लिएको भन्दा बाहेक मसाज सेन्टरमा होटल व्यवसाय र होटल व्यवसायमा मसाज सेन्टर संचालन गर्न (छुट्टा छुट्टै दर्ता गर्नुपर्ने)।



रामनणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**१६.बिल तथा ग्राहकको विवरणहरु:**

(१) व्यवसायीले ग्राहकलाई सेवा वापतको विल दिने साथै सेवा लिने ग्राहकको विवरण समेत सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

**१७. बाधा अड्काउ फुकाउने:**

(१) यस कार्यविधि कार्यान्वयन गर्दा कुनै स्पष्ट नभएको विषय वा बाधा अड्काउ परेमा नगर कार्यपालिकाको बैठकको निर्णय वमोजिम बाधा अड्काउ फुकाउन र परिमार्जन गर्न सकिनेछ।

अधिकारी
प्रमुख प्रशासकीय